सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३५७ ♦ २०८३ साल असोज २ शुक्रवार ♦ 18 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## औरही नगरप्रमुखको कार्यकक्षमा तोडफोड तथा हातपात घटनाको राजनीतिक दलको भर्त्सना

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**असोज १ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिकाका नगरप्रमुख प्रदीपकुमार खड्काको कार्यकक्षमा अनधिकृत रूपमा प्रवेश गरी हुलहुज्जत, तोडफोड तथा कुटपिट गरिएको घटनाप्रति औरहीमा क्रियाशील राजनीतिक दलहरूले गम्भीर ध्यानाकर्षण जनाएका छन्।

बुधबार औरहीमा क्रियाशील र ाजनीतिक दल तथा उद्योग वाणिज्य संघका स्थानीय प्रतिनिधिहरूले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै नगरप्रमुख, जनप्रतिनिधि र कर्मचारीमाथि भएको हातपात तथा सार्वजनिक सम्पत्तिमा गरिएको तोडफोडको भर्त्सना गरेका हुन्।

विज्ञप्तिअनुसार भदौ ३१ गते बिहान करिब ११:३० बजे एक समूह नगरप्रमुख खड्काको कार्यकक्षमा प्रवेश गरी हुलहुज्जत तथा तोडफोड गर्नुका साथै कर्मचारीमाथि कुटपिट र अभद्र व्यवहार गरेको थियो।

औरही नगरपालिका-८ का किसानलाई सिँचाइ प्रयोजनका लागि ट्रान्सफर्मर जडान गर्ने विषयमा देखिएको स्थानीय मतभिन्नता संवाद र समन्वयमार्फत समाधान गर्ने प्रयास भइरहेका बेला घटना भएको विज्ञप्तिमा उल्लेख छ।

राजनीतिक दलहरूले लोकतान्त्रिक व्यवस्थामा आफ्ना असहमति तथा माग राख्ने अधिकार सबैलाई भए पनि कानुन हातमा लिएर सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने तथा जनप्रतिनिधि र कर्मचारीमाथि हातपात गर्ने कार्य स्वीकार्य नहुने बताएका छन्।

घटनामा संलग्न व्यक्तिहरूको तत्काल पहिचान गरी निष्पक्ष छानबिनमार्फत दोषीमाथि कडा कानुनी कारबाही गर्न उनीहरूले सुरक्षा निकाय तथा स्थानीय

*बाँकी पृष्ठ ३ मा*

## प्रदेशगत भ्रष्टाचार उजुरीमा मधेश पहिलो, गण्डकीमा सबैभन्दा कम

**खबर दर्पण समाचारदाता**

**असोज १ गते, बर्दिवास**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकार सँग सम्बन्धित भ्रष्टाचारका उजुरीमध्ये सबैभन्दा धेरै मधेश प्रदेशविरुद्ध दर्ता भएका छन् ।




आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उक्त आर्थिक वर्षमा सातवटै प्रदेशसँग सम्बन्धित गरी कुल ५ हजार ३०५ वटा उजुरी दर्ता भएका थिए । तीमध्ये मधेश प्रदेशसँग सम्बन्धित उजुरीको संख्या १ हजार ४७५ रहेको छ ।

यो कुल उजुरीको २७ दशमलव ८० प्रतिशत हो। प्रदेशगत रूपमा हेर्दा सबैभन्दा कम उजुरी गण्डकी प्रदेशसँग सम्बन्धित र हेको आयोगले जनाएको छ । गण्डकी प्रदेशविरुद्ध ४०७ वटा अर्थात् कुल उजुरीको ७ दशमलव ६७ प्रतिशत उजुरी दर्ता भएका छन् ।

विषयगत रूपमा भने प्रदेशअनुसार उजुरीको प्रकृति फरक देखिएको छ। कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी बढी रहेका छन् ।

मधेश प्रदेशमा भने भौतिक पूर्वाधार तथा यातायात क्षेत्रसँग सम्बन्धित उजुरीको संख्या सबैभन्दा बढी रहेको अख्तियारले जनाएको छ ।

आयोगका अनुसार भूमिसहित विभिन्न १० वटा मन्त्रालय तथा क्षेत्रसँग सम्बन्धित उजुरीसमेत उल्लेख्य संख्यामा परेका छन् । उजुरीमा सार्वजनिक स्रोतको दुरुपयोग, विकास निर्माण, सर कारी सेवा प्रवाह तथा विभिन्न प्रशासनिक कामकारबाहीसँग सम्बन्धित विषय समेटिएका छन् ।

अख्तियारले प्रदेश सरकार तथा मातहतका निकायमा हुने कामकारबाहीसँग सम्बन्धित उजुरीलाई छानबिन तथा अनुसन्धानको प्रक्रियामा लैजाने गरेको छ ।

चालु आर्थिक वर्षमा समेत प्रदेश तथा स्थानीय तहका सार्वजनिक निकायमा हुने अनियमितता र भ्रष्टाचारसम्बन्धी उजुरी आयोगको निगरानीमा रहने जनाएको छ ।

## भोटेकोशी बाढीले खोसेको खुसी: सम्पर्कविहीन परिवारमा आएनन् चाडपर्व

**खबर दर्पण समाचारदाता**

**असोज १ गते, बर्दिवास**

भोटेकोशी बाढीयता सांस्कृतिक उत्सव र पारम्परिक पर्व आए गए । महोत्तरीका सम्पर्कविहीन परिवारमा भने चाडबाड आएनन् । सधैँ बाबुको मुख हेर्ने दिन फोन गर्ने खोजी गर्ने र अनुकूल समय मिलाएर कुनै वर्ष छोराले आफ्नै हातले विभिन्न परिकार खुवाएको सम्झने बर्दिबास-३ गौरीडाँडाका ध्रुव विष्टका दिन रुँदै बित्दैछन् । तीजमा सधैँ भाइको सम्झना पाउने ध्रुवकी छोरी सिर्जनाले पनि यसपालिको पर्व रुँदै बिताइन् ।

"प्रत्येक वर्ष भाइ तीज आउन पाँच/सात दिनपहिले नै फोन गरेर लिन आउने कुरा गर्थ्यो, सोधखोज गर्थ्यो, यसपालि भने उसको खबर सुन्न नपाई पर्व बित्यो । अझै उसको केही पत्तो लाग्न सकेन," सिर्जना रुँदै बह पोख्छिन् । यस परिवारका सौभाग्य विष्ट गत भदौ १० को भोटेकोशी बाढीसँगै सम्पर्कविहीन भएपछि घरमा न चाडबाड आएको कसैलाई हेक्का छ । न आँखा नै ओभाउन पाएका छन् । भाइ सम्पर्कविहीन भएको खबरले हतास भएर दौडदै माइतघर आउनुभएकी सिर्जनालाई आफू जन्मी हुर्केको घर अहिले बिरानो झैँ लाग्दै छ ।

"जसले खोजी गर्थ्यो उही छैन, उसको दिदी भन्ने एक वचन सुन्न पाए मन हलुङ्गो हुने थियो," उनी भन्छिन्, "अब त तीन साता बितिसक्यो, कहिले पाइएला भाइको खबर ?" अपर त्रिशूली-१ जलविद्युत् आयोजनामा मेकानिकल इन्जिनियर रहेका सौभाग्य बाढी आएसँगै सम्पर्कविहीन भएपछि परिवार गहिरो पीडामा छ ।

"कैयन पटक रसुवा र नुवाकोटका डाँडापाखा आफैँ गएर पनि खोजियो, रसुवादेखि चितवनसम्मका अस्पताल चहारी सकियो, सौभाग्यको केही पत्ता लागेन," पिता ध्रुव रुँदै भन्छन्, "मैले उसकी आमा, पत्नी, बहिनी र परिवारजनलाई अब कसरी सम्हाल्ने होला ?"

यस्तै बर्दिबास-९ पशुपतिनगरको गोमस्ताटोलका खिलबहादुर र ानाको परिवार छोरी जोया रानाको खबर पाउन बेचैन छ। रानाले आफैँ हेलिकप्टर भाडामा लिएर खोजी गरे तर जोयाको केही अत्तोपत्तो लागेन ।

रसुवास्थित जलविद्युत आयोजनामा कम्प्युटर इन्जिनियर रहेकी जोयाले रक्षाबन्धन पर्वमा घर आउने बताएकी पिता खिलबहादुर सम्झन्छन् । "रक्षाबन्धनमा आउँछु भन्थी, दुई दिनपहिले आफैँ हराइ," पिता खिलबहादुर भक्कानिँदै भन्छन् । त्यसयताका चाडपर्व राना परिवारले केही सम्झेका छैनन् । "चाडपर्वमा घरमा सबैसँग रमाउने नै उही थिई, अब के चाडबाड आउलान् यो घरमा ?" ७५ वर्षीया जोयाकी हजुरआमा रुँदै भन्छिन् ।

मधेसको मिथिला क्षेत्रमा चौरचन पर्व श्रद्धा निष्ठापूर्वक मनाइन्छ । भर्खरै यो पर्व सम्पन्न भयो तर बाढीमा सम्पर्कविहीन भएका मैथिल परिवारमा यसपालि चौरचन आएन ।

"राखी, कृष्णाष्टमी आ चौरचन सेहो बितगेल, बौवाके कोनो खबर नइ आयल" (राखी, कृष्णजन्माष्टमी र चौरचन पर्व सकिए, तर मेरो छोराको केही खबर आएन) पिपरा-३ की ६० वर्षीया विणादेवी यादव विह्वल हुँदै भन्छिन्, "पावैन तिहारमे बौवा खुब मन लगवैत छल, अइबेर हमरासबके काइनक दिनसब बित रहल अई"



(चाडपर्वमा ऊ खुब रमाउँथ्यो, यसपालि हाम्रो रोएरै दिन बित्दैछन्) ।

जलेश्वर-१० सारीका १० वर्षीय बिटुलाल दास जतिखेर पनि पिता खोजी रहन्छन् । "कृष्णाष्टमी मेलामे बाबुसँगे मेला जायब कहैत झगडा करै छल, मुदा बिटुके बाबु त ओम्हरे हेरागेल" (कृष्णअष्टमी पर्वमा बाबुसँग मेला जाने भन्दै झगडा गर्थ्यो, तर उसको बाबु त उतै हराए) छोरा बिटुतिर देखाउँदै रसुवा बाढीमा परेर हराएका पति सम्झदै बिटुकी आमा भन्नुहुन्छ । नेपाली सेनाको जागिर छाडेर पर्यटक ओसार्ने काम थालेका सुशील यसपालि रसुवाबाट सम्पर्कविहीन भएका हुन् । *बाँकी पृष्ठ ३ मा*

# धनुषामा स्रोत नखुलेको १३ लाख रुपैयाँ नगदसहित एक भारतीय नागरिक पक्राउ



**खबर दर्पण समाचारदाता**

**असोज १ गते, बर्दिवास**

धनुषामा स्रोत नखुलेको १३ लाख ६५ हजार रुपैयाँ नगदसहित एक भारतीय नागरिक पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार बुधबार प्रहरी चौकी धनौजीबाट प्रहरी सहायक निरीक्षक राजकुमार मिश्रको कमान्डमा खटिएको गस्ती टोलीले भारततर्फबाट गौर दाहातर्फ आउँदै गरेको बीआर ३२ बीबी १८९९ नम्बरको मोटर साइकल रोकेर चेकजाँच उक्त रकम सहित आरोपित पक्राउ परेका हुन् । पक्राउ पर्नेमा भारत बिहारको मधुवनी जिल्ला, ग्राम खैनाका ३५ वर्षीय राधाकान्त बयाग्रे रहेका छन् । चेकजाँचका क्रममा बयाग्रेको साथबाट स्रोत नखुलेको नेपाली नगद १३ लाख ६५ हजार रुपैयाँ फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

प्रहरीका अनुसार उक्त रकम कपडाको पेटीभित्र लुकाईछिपाई कम्मरमा बाँधेर राखिएको अवस्थामा बरामद गरिएको हो । ठूलो परिमाणमा नगद बोकेर सीमावर्ती क्षेत्रबाट आवतजावत गरिरहेको र गतिविधि शंकास्पद देखिएपछि मोटरसाइकल रोकेर खानतलासी गर्दा उक्त रकम फेला परेको प्रहरीले जनाएको छ ।

बरामद रकमको स्रोत, रकम कहाँबाट प्राप्त भएको हो, कहाँ लैजान लागिएको थियो तथा उक्त रकमसँग अन्य व्यक्ति वा कारोबारको सम्बन्ध छ कि छैन भन्ने विषयमा अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार अभियुक्त माथि वित्तीय कारोबारसम्बन्धी कसुरमा मुलुकी अपराध संहिता, २०७४ तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतका कसुरमा अनुसन्धान सुरु गरिएको छ ।

# मधेस प्रदेश सांसद जैनब खातुनको निधन

**खबर दर्पण समाचारदाता**

**असोज १ गते, वर्दिवास**

रौतहट क्षेत्र नम्बर ३ का प्रदेश सभा सदस्य जैनब खातुनको निधन भएको छ। नेकपा (एमाले) बाट समानुपातिक प्रदेश सभा सदस्य खातुनको बुधबार साँझ ७ बजेको समयमा वीरगन्जस्थित नेशनल मेडिकल अस्पतालमा उपचारको क्रममा निधन भएको हो।

फतुवा विजयपुर नगरपालिका-५, सन्तपुर दोस्तिया घर भएका ७१ बर्षिया खातुनलाई बुधबार अचानक सुगरको मात्रा बढेपछि उपचारका लागि वीरगञ्जस्थित नेशनल मेडिकल अस्पतालमा दिनको ११ बजे भर्ना गरिएको थियो। उपचारको क्रममा उहाँको निधन भएको छोरा रोशन खानले जानकारी दिनुभयो।

खातुन प्रदेश सभाको अर्थ तथा योजना समितिकी सदस्यसमेत र हनुभएको थियो । बिगत ४० बर्षदेखि सक्रिय राजनीतिमा रहनु भएका खातुनको निधनले रौतहटले एउटा असल राजनीतिकर्मी गुमाएको एमाले रौतहटका इन्चार्ज अजयकुमार गुप्ताले बताउनुभयो।

# गुठी जग्गा विवादमा ५१ सदस्यीय महासंघर्ष समिति गठन

**खबर दर्पण समाचारदाता**

**असोज १ गते, बर्दिवास**

जनकपुरधाम उपमहानगर पालिकाका विभिन्न वडामा गुठी तथा रैती जग्गासम्बन्धी विवाद चर्किँदै गएपछि स्थानीय बासिन्दाले समस्या समाधानका लागि ५१ सदस्यीय 'गुठीपीडित घरजग्गा व्यवस्थापन महासंघर्ष समिति' गठन गरेका छन् ।

पुस्तौँदेखि बसोबास गर्दै आएको घरजग्गाबाट हटाउने उद्देश्यले गुठी संस्थानले सूचना जारी गरेको भन्दै स्थानीयले त्यसको विरोधमा समिति गठन गरेका हुन् । समितिले जग्गाको वास्तविक अवस्था पहिचान गर्न नापी, मालपोत, गुठी संस्थान र स्थानीय बासिन्दाका प्रतिनिधि सम्मिलित प्राविधिक जाँचबुझ आवश्यक रहेको जनाएको छ ।

समितिले मङ्गलबार जारी गरेको विज्ञप्तिमा २०४६ सालको सरकारी नापीका क्रममा मालपोत कार्यालय तथा गुठी संस्थानका प्रतिनिधिको रोहबरमा कित्ताकाट भई सरकारी नापीको फिल्डबुकमा नाम कायम भएका व्यक्तिलाई अतिक्रमणकारीका रूपमा चित्रण गर्न नमिल्ने दाबी गरिएको छ ।

समितिका अनुसार फिल्डबुकमा कायम प्रमाण, लामो समयदेखिको भोगचलन तथा ऐतिहासिक भोगाधिकारलाई बेवास्ता गरी घरटहरा हटाउने प्रक्रिया अघि बढाइए ठुलो समस्या उत्पन्न हुन सक्नेछ । गुठी संस्थानले यसअघि सात दिन र पुनः १५ दिनभित्र घर टहरा हटाउन सूचना जारी गरेको भन्दै समितिले उक्त सूचना तत्काल खारेज वा स्थगित गर्न माग गरेको छ ।

समितिले २०६२ सालमा भोजराज घिमिरे कार्यदलले तयार गरेको प्रतिवेदनको पुनरावलोकन गर्नसमेत माग गरेको छ । उक्त प्रतिवेदन वास्तविक भौगोलिक अवस्था तथा सरकारी फिल्डबुकमा कायम रैतीहरूको ऐतिहासिक नाम र भोगाधिकार समेटेर तयार नगरिएको समितिको आरोप छ ।

विवाद समाधानका लागि सम्बन्धित कित्ताको वैज्ञानिक डिजिटल म्यापिङ तथा प्राविधिक परीक्षण गर्नुपर्ने समितिको माग छ । नापी, मालपोत, गुठी संस्थान र स्थानीय सरोकारवालाको सहभागितामा जाँचबुझ सम्पन्न नभएसम्म कुनै प्रशासनिक कदम अघि नबढाउन पनि समितिले आग्रह गरेको छ ।

समितिले फिल्डबुकमा नाम कायम भएका रैतीलाई प्रचलित भूमि तथा गुठीसम्बन्धी कानुनअनुसार स्थायी लालपुर्जा वितरणको प्रक्रिया अघि बढाउनुपर्ने माग गरेको छ । घरजग्गाबाट हटाउनुपर्ने अवस्था आए उचित क्षतिपूर्ति, मुआब्जा तथा न्यायिक पुनःस्थापनाको व्यवस्था हुनुपर्ने भनाइ छ ।

समितिले अघि सारेका पाँचबुँदे मागमा १५ दिने सूचना खारेज वा स्थगित गर्ने, २०६२ सालको प्रतिवेदन पुनरावलोकन गरी उच्चस्तरीय छानबिन आयोग गठन गर्ने, सम्बन्धित कित्ताको डिजिटल म्यापिङ र प्राविधिक परीक्षण गर्ने, फिल्डबुकमा नाम भएका रैतीलाई कानुनअनुसार स्थायी लालपुर्जा वितरणको प्रक्रिया अघि बढाउने तथा उचित क्षतिपूर्ति र पुनःस्थापनाको ग्यारेन्टीबिना घर टहरा नहटाउने विषय समेटिएका छन् ।

माग सम्बोधन नगरी गुठी संस्थान वा स्थानीय प्रशासनले बलपूर्वक घरटहरा हटाउने प्रयास गरे सशक्त प्रतिकार गर्ने चेतावनी पनि समितिले दिएको छ । त्यस्तो अवस्था आए जनकपुरधाममा निर्णायक आन्दोलन हुने र त्यसबाट उत्पन्न परिस्थितिको जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

यता, गुठी संस्थानका प्रवक्ता जनक पोखरेलले अतिक्रमित पोखरी तथा डिल खाली गराउने सन्दर्भमा सम्बन्धित व्यक्तिहरूको मागअनुसार घर टहरा हटाउन थप समय दिइएको बताउनुभएको छ । उहाँका अनुसार पोखरी तथा पोखरीका डिलमा रहेका अतिक्रमित संरचना हटाउन रेखाङ्कन गरिएबमोजिम अनुगमन गर्दा सम्बन्धित व्यक्तिहरूले संरचना आफैँ हटाउन थप समय माग गरेका थिए। सोही मागलाई ध्यानमा राख्दै अघिल्लो सात दिनको समय पूरा भएपछि पुनः १५ दिनको समय थप गरिएको हो ।

प्रवक्ता पोखरेलले अनुगमनका क्रममा कतिपय संरचनाको आधा भाग नै हटाउनुपर्ने अवस्था देखिएकाले तत्काल हटाउँदा क्षति बढी हुने सम्भावना रहेको बताउनुभयो । सम्बन्धित व्यक्तिहरूको मागअनुसार उनीहरूलाई आफैँ संरचना हटाउन थप समय दिइएको उहाँको भनाइ छ ।

सूचनामा तोकिएको अवधिभित्र अतिक्रमित संरचना पूर्ण रूपमा नहटाए कार्यान्वयन समितिले आफैँ संरचना हटाउने गुठी संस्थानले जनाएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बलबा नगरपालिकामा क्षयरोग का बिरामीहरुलाई पोषण आहार वितरण



**खबर दर्पण समाचारदाता**
**असोज १ गते, वर्दिवास**

बलबा नगरपालिका ले पालिकाभित्र रहेका दलित,असहाय,अशक्त क्षयरोगका बिरामीलाई लक्षित गरी पोषण आहार वितरण कार्यक्रम सम्पन्न गरेको छ।
बलबा नगरपालिका र द्यलत नेपालको सहकार्य मा नगर पालिकाभित्र उपचाररत १५ जना दलित,असहाय,अशक्त क्षयरोगका बिरामीहरुलाई पोषण आहार वितरण गरिएको हो।
वितरण गरिएको पोषण आहार को प्याकेजमा २५ किलोग्राम मन्सुली चामल एक बोरा, एक किलोग्राम रहर दाल, एक लिटर सोयाबिन तेल, एक किलोग्राम पिठो र १.५ किलोग्राम चना समावेश गरिएको छ। त्यसैगरी शाकाहारी बिरामीका लागि एक किलोग्राम सोयाबिन तथा मांसाहारी बिरामीका लागि एक क्यारेट अण्डा उपलब्ध गराइएको छ।
सो कार्यक्रम मा क्षयरोग को लक्षण,कारण,र सो को उपचार सम्बन्धी सचेतना तथा जानकारी मुलक संदेशहरु बलबा नगरपालिका का जनस्वास्थ निरीक्षक राम कुमार माझी र द्यलत नेपाल का प्रादेशिक कार्यक्रम संयोजक डा.मनोज कुमार साह ले सन्युक्त रुपमा जानकारी गराउनु भयो!
क्षयरोगका बिरामीलाई उपचार अवधिभर आवश्यक पोषणमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रम छ महिनासम्म निरन्तर सञ्चालन हुने जनाइएको छ।
पोषणयुक्त आहारले बिरामीको स्वास्थ्यमा सुधार ल्याउन तथा नियमित उपचारलाई प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको भनेर नगर प्रमुख राम बिजय महतो को भनाइ रहेको छ।

# नगर प्रमुखमाथि आक्रमणप्रति जिल्ला समन्वय समितिको ध्यानाकर्षण

**खबर दर्पण समाचारदाता**
**असोज १ गते, वर्दिवास**

औरही नगरपालिका-८ मा ट्रान्सफर्मर जडान गर्ने स्थान निर्धारणसम्बन्धी विवादका क्रममा नगर प्रमुख प्रदिपकुमार खड्काको कार्यकक्षमा प्रवेश गरी उहाँमाथि आक्रमण तथा कार्यालयमा तोडफोड भएको घटनाप्रति जिल्ला समन्वय समिति महोत्तरीले गम्भीर ध्यानाकर्षण जनाएको छ ।
जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णद्वारा जारी विज्ञप्तिअनुसार भदौ ३१ गते बिहान करिब ११:३० बजे एक समूह नगर प्रमुखको कार्यकक्षमा एक्कासि प्रवेश गरी चुकुल लगाएर नगर प्रमुखमाथि आक्रमण गरेको थियो । सो क्रममा कार्यालयमा तोडफोड गर्नुका साथै कर्मचारी तथा सेवाग्राहीमाथि हातपात र हुलहुज्जत गरिएको तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याइएको विज्ञप्तिमा उल्लेख छ ।
नागरिकका आधारभूत सेवा तथा सार्वजनिक हितसँग सम्बन्धित विषयमा असहमति वा गुनासो राख्नु नागरिकको अधिकार भए पनि त्यसका नाममा कानून हातमा लिई निर्वाचित जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीमाथि हातपात गर्ने, सार्वजनिक कार्यालयमा जबर्जस्ती प्रवेश गर्ने तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने कार्य स्वीकार्य नहुने समितिले जनाएको छ ।
यस्ता गतिविधिले सार्वजनिक सेवा प्रवाह, स्थानीय तहको संस्थागत मर्यादा तथा कानूनको शासनमा प्रत्यक्ष असर पार्ने उल्लेख गर्दै समितिले घटनाको तत्काल निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्न सम्बन्धित सुरक्षा तथा अनुसन्धान निकायसँग आग्रह गरेको छ ।
घटनामा संलग्न व्यक्तिको पहिचान गरी आवश्यक प्रमाण सङ्कलन गर्न तथा संलग्नता पुष्टि भएका व्यक्तिलाई प्रचलित कानूनबमोजिम तत्काल नियन्त्रणमा लिई कानुनी कारबाही अघि बढाउन समितिले आग्रह गरेको छ । साथै, आगामी दिनमा यस्ता गतिविधि दोहोरिन नदिन जिल्लामा प्रभावकारी शान्ति-सुरक्षा व्यवस्था कायम गर्न सम्बन्धित निकायलाई अनुरोध गरिएको छ ।
कानूनको शासन, सार्वजनिक सम्पत्तिको संरक्षण तथा जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीको सुरक्षा सुनिश्चित गर्नु सबैको साझा दायित्व भएको उल्लेख गर्दै समितिले सबै राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा आम नागरिकलाई असहमति र विवादको समाधान संवाद, समन्वय, सहकार्य तथा कानुनी प्रक्रियाबाट खोज्न आग्रह गरेको छ ।
सामाजिक सद्भाव कायम राख्न सबै पक्षले संयमित र मर्यादित व्यवहार गर्नुपर्नेमा जोड दिँदै समितिले विवादको समाधान कानुनी प्रक्रियाबाट खोज्न सम्बन्धित सबैमा आग्रह गरेको छ ।
जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णको हस्ताक्षरसहित जारी विज्ञप्तिमार्फत सो आग्रह गरिएको हो ।

# औरही नगरप्रमुखको कार्यकक्षमा..................

प्रशासनसँग माग गरेका छन्। साथै, घटनालाई ढाकछोप गर्ने प्रयास भए त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी सम्बन्धित निकायले लिनुपर्ने चेतावनीसमेत दिइएको छ।
भविष्यमा यस्ता घटना दोहोरिन नदिन जनप्रतिनिधि, कर्मचारी तथा सार्वजनिक संस्थाको सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन आग्रह गर्दै दलहरूले सबै पक्षलाई संयमता अपनाउन तथा विवादको समाधान संवाद र कानुनी प्रक्रियामार्फत गर्न अपिल गरेका छन्।
संयुक्त विज्ञप्तिमा जनता समाजवादी पार्टी (जसपा) नेपालका दरेश यादव र महेन्द्रकुमार राय, नेपाली कांग्रेसका योगेन्द्र यादव, नेकपा (एमाले) का चेथरू यादव, नेकपाका रामबाबु चौधरी, जनमत पार्टीका रामचन्द्र मण्डल तथा उद्योग वाणिज्य संघका संजय मण्डलले हस्ताक्षर गरेका छन्।

# भोटेकोशी बाढीले खोसेको खुसी.....

बाढीसँगै सम्पर्कविहीन भएका मटिहानी-७ का गङ्गाराम मण्डलकी ६५ वर्षीय आमा ललितादेवी मण्डल बुहारी र चार नातिनातिना देखाउँदै अब यिनीहरूको चाडपर्वको रउस नफर्कने हो कि भन्ने चिन्ता गर्छन् । यसपालिको रसुवा बाढीले धन सम्पत्ति र भौतिक संरचनामात्र नभएर मान्छेको मन पनि बगाएको छ ।
विष्ट, राना, यादव, दास र मण्डलबाहेक महोत्तरीका थप छ जना हराइरहेका छन् । जलेश्वर-७ महादेवपट्टीका हशन रेजा अन्सारी, लोहारपट्टी-८ का सन्तोषकमार ठाकुर, गौशाला-१ का विजय थापा मगर, गौशाला-८ का शीतबहादुर नुङ्ले‍ली र रामगोपालपुर-४ का विश्वजित मण्डल बाढीमा परेर हराइरहेका छन् । यसबिचका सबै चाडपर्व परिवारले रुँदै बिताएका छन् ।
भोटेकोशी बाढी रसुवाबाट नुवाकोट, धादिङ, गोर्खा, तनहुँ र चितवन छिचोल्दै भारत पस्यो । त्यो बाढीले महोत्तरीका कैयन बस्तीमा रुवाबासी मच्चाएको छ । एकपछि अर्को गर्दै चाडपर्व आइरहेका बेला सम्पर्कविहीन परिवारको बिचल्ली झन् बढ्दो छ ।
परिवारको मुख्य जिम्मेवारी सम्हालेका मुख्य मान्छे नै हराएपछि यहाँ कुनै चाडपर्व भित्रिन सकेका छैनन् । बाढीमा परेर महोत्तरीका १० जना सम्पर्कविहीन छन् । सिङ्गो महोत्तरीमै अहिले यी १० सम्पर्कविहीनको चिन्ता र चासो पाइन्छ । सम्पर्कविहीन परिवारले सरकार, खोज उद्धारमा कार्यरत जनशक्ति र सम्बद्ध पक्षसँग आफ्ना मान्छेको सही ठेगान लगाइदिन अनुनयविनय गरिरहेका छन् ।-रासस



# हुलाकी सडक अतिक्रमण हटाउन ३५ दिनको समय

**खबर दर्पण समाचारदाता**

**असोज १ गते, वर्दिवास**

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुर धामले हुलाकी सडकको क्षेत्राधिकारभित्र रहेका स्थायी तथा अस्थायी संरचना हटाउन ३५ दिनको समय दिएको छ। कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सडक सीमाभित्र रहेका घर, टहरा तथा सडकको आवागमन, संरक्षण र निर्माण कार्यमा बाधा पुग्ने गरी र ाखिएका विभिन्न मालवस्तु तथा निर्माण सामग्री हटाउन सम्बन्धित व्यक्ति, संस्था तथा सरोकारवालालाई आग्रह गरेको हो।

कार्यालयअन्तर्गत सिरहाको बलान-कमला सडक, धनुषाको जनकपुर-यदुकुहा तथा जनकपुर-कदमचोक-कप्तौल-तीनकौरिया-कमला सडक, धनुषा-महोत्तरीको जनकपुर-बसबिट्टी-भ्रमरपुरा-बलवा-सर पल्लो-भोल्ही-पोखरभिण्डा सडक तथा सर्लाहीको शीतलपुर-मलङ्गवा-खरैयाटोल र बाँकेको संग्रामपुर सडकको सीमाभित्र रहेका संरचना तथा सामग्री हटाउन भनिएको छ।

हुलाकी सडक निर्माणको काम अन्तिम चरणमा पुगेकाले सडक सीमा खाली गराउन पहिलोपटक यस्तो सार्वजनिक सूचना जारी गरिएको कार्यालयका सूचना अधिकारी इन्जिनियर रञ्जितकुमार रायले बताउनुभयो।

उहाँका अनुसार सडक सीमाभित्र रहेका घर, टहरा, विभिन्न मालवस्तु तथा निर्माण सामग्रीका कारण सडक निर्माण तथा संरक्षण कार्यमा बाधा पुग्नुका साथै दुर्घटनाको जोखिमसमेत बढेको छ। “निर्माणको अन्तिम चरणका लागि पहिलोपटक सडक सीमा खाली गर्न सार्वजनिक सूचना जारी गरेका हौँ,” उहाँले भन्नुभयो।

सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सडक सीमाभित्रका संरचना तथा सामग्री हटाउन सम्बन्धित व्यक्ति तथा सरोकारवालालाई आग्रह गरिएको छ। कार्यालयले सम्बन्धित स्थानीय तहलाई समेत सूचना टाँस गर्न पत्राचार गरिसकेको रायले जानकारी दिनुभयो।

तोकिएको समयावधिभित्र संरचना तथा सामग्री नहटाएमा कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाई बल प्रयोग गरेर भए पनि सडक सीमा खाली गराइने उहाँले बताउनुभयो।

सडक सीमा अतिक्रमण गरी संरचना निर्माण तथा विभिन्न सामग्री राखिएका कारण सडक दुर्घटनाको जोखिम बढ्नुका साथै सडक संरक्षण कार्यमा समेत बाधा पुगेको कार्यालयले जनाएको छ।



गत साता मङ्गलबार (भदौ २३ गते) जारी सूचनामा सडकको आवागमन सहज बनाउन तथा सडक संरक्षण र निर्माण कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित व्यक्ति, संस्था तथा सरोकारवालालाई तोकिएको अवधिभित्र सडक सीमा खाली गर्न आग्रह गरिएको छ।

सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सडक सीमा खाली नगरेमा सार्वजनिक सडक ऐन, २०३१ बमोजिम कारबाही प्रक्रिया अघि बढाइने कार्यालयले चेतावनी दिएको छ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

“सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!“

**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस**

“सुरक्षितमा सवारी चलाउनुहोस् - सीट वेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!“

**मटिहानी नगरपालिका, महोत्तरी**

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७३।११।०२ मा दर्ता भएको प्रा.लि.नं.१६३७३६ भएको अर्गानिक एग्रिकल्चर (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०५।३१ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७१।१०।२१ मा दर्ता भएको प्रा.लि.नं.१३१९२३ भएको ओम श्री गोसाइकुण्ड केवल कार कम्पनी (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०५।०४ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- Endoscopy/Diode Laser सेवा
- बिभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- ICU, NICU, PICU सेवा
- Laproscopy सेवा
- 24/7 Ambulance सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको स्पेनेट व्यवस्था भएको




**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिबास, महोत्तरी

044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,